एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड

**NLG INSURANCE COMPANY LIMITED**

Shree Bhawan, Panipokhari,
Lazimpat. P.O.Box 20600,
Kathmandu, Nepal
Tel: 4518113, 4542646, 4006502
4006648, 4006625, 4006509
E-Mail: info@nlgi.com.np

च.नं. ९९९/२०८१-८२

NLG INSURANCE Co. LTD. KATHMANDU

मिति : २०८१/०७/११

श्री नेपाल स्टक एक्सचेंज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

**विषय : शेयर दाखिल खारेज बन्द रहने बारे ।**

महोदय,

उपर्युक्त सम्बन्धमा यस कम्पनीको संचालक समितिको मिति २०८१/०७/११ गते अपरान्हको ०४:३० बजे सम्पन्न ४५७औं बैठकबाट निम्नानुसार निर्णय भएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ ।

(क) संचालक समितिको मिति २०८१/०५/२४ गते बसेको ४४९औं बैठकबाट बोनश शेयर जारी तथा सूचिकरण भई कारोबार समेत भईरहेकोमा उक्त बोनश पश्चात् कायम हुने चुक्ता पूँजी रु. १,५३,९५,३५,९५८/९७ को ६२.५६ प्रतिशत हकप्रद शेयर जारी गर्ने निर्णय गरी बीमा प्राधिकरणको मिति २०८१/०५/३१ को सैद्धान्तिक स्वीकृति समेत प्राप्त भएको हुदाँ हकप्रदको परिवर्तित अनुपातले गर्दा निष्काशन गर्ने कित्ता (९६,३१,२२०.२२) मा कुनै फरक नपर्ने तथा उक्त परिवर्तित अनुपातका सम्बन्धमा विशेष साधारण सभाबाट अनुमोदन गराउने गरी श्री नेपाल धितोपत्र बोर्ड समक्ष अनुरोध गरिए बमोजिम मिति २०८१/०७/०७ गते सम्पन्न भएको विशेष साधारण सभाबाट उक्त परिवर्तित अनुपात सर्वसम्मतिले अनुमोदन गरिएको हुदाँ बोर्डबाट मिति २०८१/०६/१४ गते प्राप्त हकप्रद शेयर निष्काशनको स्वीकृति पत्रमा सोको पूर्ण कार्यान्वयन गरी सोको कागजात तथा विवरण बोर्डमा पेश भए पश्चात मात्र हकप्रद शेयर निष्काशनको कार्य अगाडि बढाउन निर्देशन भए बमोजिम उक्त विशेष साधारण सभाको निर्णय माईन्युट तथा अद्यावधिक गरिएको विवरणपत्र श्री नेपाल धितोपत्र बोर्डमा पेश गर्ने ।

(ख) श्री नेपाल धितोपत्र बोर्डको मिति २०८१/०६/१४ गतेको पत्र संख्या नि.वि./शे.द. तथा नि.शा./२०८१/०८२ चलानी नं. ९१८ को पत्र मार्फत स्वीकृत "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को अधिनमा रही रु. १००/०० अकिंत दरका कूल ९६,३१,२२०.२२ कित्ता साधारण शेयर हकप्रद मार्फत साविक शेयरधनीहरुलाई निष्काशन तथा विक्री गर्ने प्रयोजनका लाथि उक्त स्वीकृत पत्रको शर्त नम्बर ७ अनुरुप हुने गरी यहि मिति २०८१/०७/२७ गते एक दिन शेयर दाखिल खारेज बन्द/बुक क्लोज गर्ने ।

उपर्युक्त निर्णयानुसार हकप्रद शेयर निष्काशन प्रयोजनका सम्बन्धमा शेयर दाखिल खारेज बन्द/बुक क्लोज सम्बन्धी सूचना मिति २०८१/०७/१२ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिने व्यहोरा अनुरोध छ ।

धन्यबाद ।

भवदीय,

मनोज श्रेष्ठ
कम्पनी सचिव

संलग्न : माथि उल्लेख भएबमोजिम प्रकाशनको लागि तयार गरिएको सूचनाको मस्यौदा

**बोधार्थ :**

**श्री सिडिएस एण्ड क्लेयरिङ्ग लि.**
**पुतली सडक, काठमाण्डौं ।**



| Regional Offices: | Branch Offices: | | Sub - Branch Offices: | | | | |
|---|---|---|---|---|---|---|---|
| Biratnagar: 503130 | Dhangadhi: 417315 | Lamjung: 520959 | Rajbiraj 530493 | Mahendranagar: 522221 | Dhading: 520779 | Dailekh: 410248 | Damauli : 564901 |
| Birgunj: 520191 | Itahari: 587332 | Dharan: 537225 | Banepa: 663028 | Bhaktapur: 6620247 | Chandrauta: 540520 | Gwarko: 5186034 | Kusma : 420107 |
| Bhairahawa: 573433 | Damak: 585404 | Janakpur: 590561 | Baglung: 522660 | Bardiya: 420117 | Tansen: 521671 | Rukum: 530411 | Kalaiya : 551806 |
| Nepalganj: 535163 | Salyan: 400199 | Narayangarh: 517843 | Tikapur: 561476 | Sarlahi: 501620 | Gongabu: 4958941 | Kawasoti: 540596 | Dolpa : 550145 |
| | Hetauda: 521030 | Dang: 562605 | Waling: 442734 | Lahan: 565393 | Kohalpur: 540972 | Parsa: 582536 | Simara : 521297 |
| | | | Chandannath: 520504 | Durbarmarg, Ktm: 4250641 | Dulegauda: 414272 | Sunwal: 570547 | Rangeli : 580148 |
| | | | | | | Tulsipur: 523475 | Attariya : 550917 |

कारोबार राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८१/०७/१२ गते प्रकाशन गरिने शेयर दाखिल खारेज बन्द/बुक क्लोज सम्बन्धी सूचनाको मस्यौदा

# एनएलजी ईन्स्योरेन्स (कं) लि.

पानीपोखरी, लाजिम्पाट, काठमाण्डौं
फोन नं. : ४४४२६४६, ४००६६२५
www.nlgi.com.np, Email:info@nlgi.com.np

## हकप्रद शेयर निष्काशन प्रयोजनार्थ शेयर दाखिल खारेज बन्द (बुक क्लोज) हुने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१/०७/१२ गते, सोमबार

यस एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको हाल कायम चुक्ता पूँजीको १०:६.२५६ अनुपातमा रु. १००/- अकिंत मूल्यका कुल ९६,३१,२२०.२२ कित्ता साधारण शेयर साविक शेयरधनीहरुलाई हकप्रद मार्फत निष्काशन तथा बिक्री गर्ने प्रयोजनका लागि मिति २०८१/०७/२७ गते एक दिनका लागि शेयर दाखिल खारेज बन्द (बुक क्लोज) गरिने व्यहोरा सम्पूर्ण शेयरधनीहरु लगायत सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

शेयर दाखिल खारेज बन्द भएको मिति २०८१/०७/२७ गतेभन्दा अघिल्लो दिनसम्म अर्थात् मिति २०८१/०७/२६ गतेसम्म नेपाल स्टक एक्सचेंज लिमिटेडमा शेयर कारोबार भई शेयरधनी कायम भएका शेयरधनीहरुले मात्र यस हकप्रद शेयरका लागि दरखास्त दिन पाइने भएकाले सम्बन्धित सबै शेयरधनीहरु तथा खरिदकर्ताहरुले सोही अनुसार शेयर नामसारी गर्नुहुन अनुरोध छ।

साथै, नेपाल स्टक एक्सचेंज लिमिटेडमा कारोबार भई धितोपत्र व्यवसायी (सदस्य दलाल) को पुल खाता (Pool Account) मा रहेको शेयरका आधारमा शेयरधनी कायम नहुने भएकोले वैधानिक मिति भित्र शेयरधनीको खातामा शेयर जम्मा गर्न समेत सम्बन्धित धितोपत्र व्यवसायीलाई अनुरोध गरिन्छ। अन्यथा, सो को जिम्मेवारी यस कम्पनी/शेयर रजिष्ट्रार/धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नहुने व्यहोरा समेत अनुरोध छ।